प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २८४ ।। २०८१ मंसिर २० गते बिहिबार (5th Dec 2024 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

सुख्खायाम शुरु हुनेबित्तिकै आगलागी बढ्यो

झापामा एक सातामा दर्जन घटना

झापा(प्रस) । सुख्खायाम शुरु हुनेबित्तिकै झापामा आगलागीका घटना बढ्न थालेको छ । करिव एक साताको अवधिमा जिल्लामा एक दर्जन आगलागीका घटना भएको प्रहरीले जनाएको छ । मंसिर १५ गते एकैदिन तीन ठाउँमा आगलागी भएको थियो । जिल्लामा प्रत्येक दिन लगातार आगलागी हुँदै आएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

मंगलवार राति गौरादहमा आगलागी हुँदा ६ वटा चौपाया जलेर मर्नुका साथै १५ लाखबराबरको क्षति भएको छ ।राति ११.४५ बजे गौरादह नगरपालिका वडा न.४ डोरामारी बस्ने खड्गबहादुर कार्कीको जस्ताको छानो, सिमेन्टको पिलर भएको एकतले ग्वालीमा अचानक आगलागी भएको हो । आगलागीबाट ग्वालीमा भएका खसी एउटा, माउबाख्रा एउटा, पाठापाठी ३ वटा, गाईको बाच्छी जलेर मरेका छन् । त्यस्तै एउटा गाई जलेर घाइते भएको छ । ग्वालीमा रहेको को १९ प ४४९८, को १९ प ६६७८ नम्बरको मोटरसाइकल, अन्नपात पूर्णरुपमा जलेर नष्ट हुँदा अन्दाजी १५ लाख मूल्यबराबरको क्षति भएको प्रहरीले जनाएको छ । त्यस्तै मंसिर १७ गते राति कन्काईमा आगलागी भएको छ ।राति ८.१० बजेतिर कन्काई- ३ बस्ने तिला पाठकको घर छेउको परालको कुन्यूमा अचानक आगलागी भएको हो ।

त्यस्तै मंसिर १५ गते तीन ठाउँमा आगलागी हुँदा लाखौंको क्षति भएको थियो । दमक , अर्जुनधारा र झापा गाउँपालिकामा आगलागी भएको हो । राति १२.१५ बजे दमक नगरपालिका वडा नम्बर १ रवि स्टेन्ड बस्ने शिव राईको अढाई तले घरको भुइँतलामा किराना ,कस्मेटिक र खाद्यान्न पसल संचालन गरेका ४३ वर्षीय रामकिशोर साहको पसलमा आगलागी भएको हो । विद्युत सर्ट भई आगलागी हुँदा पसलमा रहेका सम्पूर्ण किराना सामान, कस्मेटिक सामान, खाद्यान्न सामान, झ्याल, ढोका, फ्रिज र अन्य सरसामानसमेत जलेर नष्ट हुँदा अन्दाजी १५ लाखबराबरको क्षति भएको छ । त्यस्तै १५ गते साँझ ६ः४५ बजे झापा गाउँपालिका वडा नं. ७ रमितेटोल बस्ने लुखी हस्दाको घरमा आगलागी भएको छ । बिद्युत लाईन सर्ट भई आगलागी हुँदा हस्दाको टिनको छानो र बाँसको टाटी बेराले बनेको ३ कोठे घरमा रहेका सम्पूर्ण सामान र नजिकै रहेको ग्वालीसमेत पूर्णरुपमा जल्दा अन्दाजी २ लाख ५० हजारबराबरको क्षति भएको जनाइएको छ ।

त्यस्तै राति १० बजे अर्जुनधारा नगरपालिका वडा नं.११ सालबारी बस्ने ४७ वर्षीय भूमिनाथ बराल र सोही ठाउँ बस्ने अमर राउतको एक बिगाह धानको कुन्यूमा अचानक आगलागी भएको छ ।

त्यस्तै मंसिर १४ गते कचनकवल र शिवसताक्षीमा आगलागी हुँदा ठूलो क्षति भएको थियो ।

दिउँसो २ः१५ बजे कचनकवल- ६ बनियानीको हुकाहुकी चोकमा सत्यनारायण र हेमनारायण राजवंशीको घरमा भाडा लिई केशव राजवंशीले संचालन गरिरहेको त्यारी राजवंशी होटलमा अचानक ग्यास सिलिन्डर बिस्फोट भएर आगलागी भएको थियो । आगलागीबाट चारवटा पसलमा क्षति पुगेको थियो ।

त्यस्तै मंसिर १४ गते बिहान शिवसताक्षी २ स्थित ७ नं. चौकमा ७६ वर्षीय रुद्रमणि भन्ने कृष्णमणि घिमिरेको गोठमा आगलागी भएको थियो । टिनको छानो, बाँसको टाटी बेरा भएको गोठमा बिजुलीको तार सर्ट भई हुन सक्ने आगलागीबाट उक्त गोठ, नजिकै रहेको १ बिगाह परालको कुन्यू जलेर नष्ट भएको छ । उक्त आगो निभाउने क्रममा घरधनी घिमिरे घाइते भएका थिए । त्यस्तै मंसिर १३ गते गौरीगञ्जमा आगलागी भएको थियो ।साँझ ६ बजेतिर भएको आगलागीबाट गौरीगञ्ज -१ भन्सार टोलका नौलोसिंह थापाको ग्वाली र भान्सा जलेर नष्ट भएको छ ।

त्यस्तै मंसिर ९ गते बिर्तामोड नगरपालिका -६ मा आगलागी हुँदा एउटा टिपर जलेको छ ।राति १ः४० बजे बिर्तामोड नगरपालिका वडा न.६ मसाले टोल बस्ने अर्जुन थलानको परालको थुप्रोमा अचानक आगलागी हुँदा नजिकै रहेको पञ्चसेवा ग्यारेजमा मर्मत गर्न राखिएको सक्षम निर्माण सेवाको बा.०३-००१ क ०३३१ नम्बरको टिपरमा समेत आगलागी भएको थियो । सोही साँझ बिर्तामोड नगरपालिका- ६ बुट्टावारीस्थित एक मोटरसाइकल ग्यारेजमा आगलागी भएको थियो ।

आशिष वनको घरको सटरमा अर्जुनधारा ११ बस्ने दिपक राजवंशीले भाडामा लिई सञ्चालन गरेको दिपक मोटरसाइकल वर्कसपमा साँझ ६.४० बजे बिद्युत सर्ट भएर आगलागी भएको थियो । सुख्खा मौसममा आगलागी हुनसक्ने खतरा भएकाले सावधान रहन डीएसपी चन्दले आग्रह गरेका छन् ।

स्कुल बसको ठक्करबाट बाबु छोरा घाइते

झापा(प्रस) । झापाको गौरीगञ्जमा स्कुल बसको ठक्करबाट बाबु छोरा घाइते भएका छन् । बुधवार दिउँसो अन्दाजी ४ः३० बजे गौरीगञ्ज गाउँपालिका वडा नम्बर २ बहुन टोलस्थित भित्री सडकखण्डमा तुलाचन चौकबाट टटुवामारी चोकतर्फ जादै गरेको प्र१-०१-००१ क ९७८ नम्बरको देवकोटा बोर्डिङ स्कुलको बस र बिपरित दिशाबाट आउँदै गरेको प्र-१-०१-०१६ प ५०६७ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक गौरीगञ्ज आँपगाछी बस्ने १९ वर्षीय अन्वारीश कुमार राजवंशी र मोटरसाइकलमा पछाडि सवार उनका बुवा ५५ वर्षीय फागु राजवंशी घाइते भएका हुन् । टाउको र दाहिने खुट्टामा चोट लागेका अन्वारीशकुमार सामान्य घाइते छन् भने फागुको अबस्था गंभीर रहेको छ । दुवै जना घाइतेलाई गौरीगञ्ज आधारभूत अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारको लागि निम्स अस्पताल दमक रेफर गरिएको छ । बस र बस चालक गौरीगञ्ज ३ तेलगानी बस्ने ४१ वर्षीय एगराज कटुवाल इलाका प्रहरी कार्यालय गौरीगञ्ज र मोटरसाइकल प्रहरी चौकी कोरोबारीको नियन्त्रणमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

नेपाल र चीनबीच बिआरआई सम्झौतामा हस्ताक्षर

झापा(प्रस) । नेपाल र चीनबीच ‘फ्रेमवर्क फर बिआरआई’ कोअपरेसनमा सम्झौता भएको छ। बुधबार बिहान दुबै देशका परराष्ट्र सचिवहरूले फ्रेमवर्कमा सम्झौता गरेका हुन्।

यसअघि तयार पारिएको फ्रेमवर्कको मस्यौदामा ‘ग्रान्ट फाइनान्सिङ’ लेखिएको ठाउँमा ‘एड फाइनान्सिङ’ राखेर हस्ताक्षर गरिएको छ। फ्रेमवर्कमा नेपालका तर्फबाट परराष्ट्र सचिव अमृतबहादुर राई र चीनतर्फ नेशनल डेभलपमेन्ट रिफर्म कमिशनका उपाध्यक्ष लिउ सुशेले हस्ताक्षर गरेका थिए।

ग्रान्टको अर्थ अनुदान भन्ने हुन्छ भने एड अर्थ सहायता भन्ने हुन्छ। त्यो अनुदान वा ऋण जे पनि हुन सक्छ। मंगलबार सरकारले बिआरआईअन्तर्गत सञ्चालन गर्ने परियोजनाहरू चीनले अनुदानमा बनाइदिनुपर्ने र बिआरआई अन्तर्गत ऋण नलिने नेपालको प्रस्तावमा चीन असहमत भएपछि नेपाल र चीनका अधिकारीहरूबीच भएको अनौपचारिक छलफलमा बीचको बाटो खोज्ने सहमति भएको थियो।

नेपालले प्रस्ताव गरेको फ्रेमवर्कको मस्यौदाको ‘ग्रान्ट फाइनान्सिङ’ भन्ने शब्द हटाएर चीनले ’फाइनान्सिङ’ मात्रै राखेको थियो।

बिआरआई अन्तर्गत ऋण नलिने नेपाली कांग्रेसको अडानकै कारण अनुदानमात्रै लिनेगरी फ्रेमवर्क र परियोजनाहरूको सूची तयार पारेर सरकारले चीनको विदेश मन्त्रालयमा शुक्रबार पठाएको थियो।

प्रधानमन्त्री केपी शर्मा ओली र चिनियाँ प्रधानमन्त्री ली छ्याङबीच भएको भेटमा ती समभ्ज्ञदारीपत्रमा हस्ताक्षर हुन नसकेपछि परराष्ट्रमन्त्री आरजु राणा देउवाले चिनियाँ विदेश मन्त्रालयका प्रतिनिधिहरूसँग भेटेकी थिइन्।

त्यसक्रममा चिनियाँ पक्षले बिआरआई अन्तर्गत अघि बढाउने भनेर प्रस्ताव गरिएकामध्ये केही परियोजना र कम्तीमा पनि एउटा परियोजनामा ऋण लिन प्रस्ताव गरेका थिए।

‘चीनको प्रस्तावपछि नेपाली पक्षका बीचमा फेरि आन्तरिक छलफल भएको थियो,’ भ्रमण टोलीका एक अधिकारीले भने,‘हामीले विभिन्न विकल्पहरूमा पनि छलफल गऱ्यौं। ‘ग्रान्ट’ को ठाउँमा ‘एड’ राख्ने कि भनेर पनि छलफल गरियो। त्यसैमा सहमति जुट्यो।’

प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त वक्तव्य जारी भए पनि फ्रेमवर्कमा हस्ताक्षर गरेर जाने भन्दै सहमतिका लागि छलफल गर्न भ्रमण दलका उच्चस्तरीय प्रतिनिधिहरूलाई निर्देशन दिएका थिए। छलफल निष्कर्षमा पुगेपछि फ्रेमवर्कमा हस्ताक्षर भएको छ। यस्तै, चीनले फ्रेमवर्कबाट बिआरआई अन्तर्गत मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय बनाउने प्रस्ताव हटाएकोमा फेरि थपिएको छ।

‘हामीले मस्यौदामा प्रस्ताव गरेका १२ वटा परियोजनामध्ये चीनले मदन भण्डारी विश्वविद्यालयको नाम हटाएको थियो,’ भ्रमण दलका एक सदस्यल भने, ‘अहिले फ्रेमवर्कमा सहमति हुँदा फेरि थपिएको छ।’

अपाङ्गता दिवसको अवसरमा खेलकुद प्रतियोगिता

- **लक्ष्मी उप्रेती**

मेचीनगर । अपाङ्गता भएका व्यक्तिहरूको ३३ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा मंगलवार झापाको मेचीनगरमा विविध कार्यक्रम सम्पन्न भएको छ । मेचीनगर नगरपालिका महिला बालबालिका तथा समाज कल्याण शाखाको आयोजनामा अपाङ्गता भएका व्यक्ति तथा संस्थाको प्रतिनिधिहरुको सहभागितामा कार्यपत्र प्रस्तुत गरिनुका साथै विभिन्न रचनात्मक खेललगायतका कार्यक्रम गरी दिवस माइएको हो ।

मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेतीको अध्यक्षतामा भएको उदघाटन सत्रमा समाज सुधार युवा संघ अपाङ्ग सहयोग समिति मेचीनगरका अध्यक्ष धर्मराज घिमिरेले मेचीनगर नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको सवालमा भएका प्रयास र चुनौती सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए ।

सन् १९९२ देखि विश्वभर यो दिवस मनाउन थालिएको हो । संयुक्त राष्ट्रसंघले यस वर्षको नारा ‘समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिको प्रवल नेतृत्व यसको आधार’ भन्ने तय गरेको छ । नेपालमा पनि ‘समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपाङ्गता भएका व्यक्तिहरूको प्रवल नेतृत्व यसको आधार’ भन्ने राष्ट्रिय नारासहित देशभरका विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाले जनचेतनामूलक कार्यक्रम गरी यो दिवस मनाउने गरेका छन् ।

२०७८ सालको राष्ट्रिय जनगणना अनुसार मेचीनगर नगरपालिकाको कुल जनसंख्या १ लाख ३३ हजार ७३ रहेको छ । कुल जनसंख्याको २ दशमलव ५ प्रतिशत वा ३ हजार ३ सय २७ जना अपाङ्गता भएका व्यक्तिहरू रहेको कार्यपत्रमा उल्लेख छ । अपाङ्गता भएको व्यक्तिहरूले सहायक सामग्री निःशुल्करुपमा आवश्यकता बमोजिम र समयअनुकूल प्राप्त गर्न नसक्नु, मेचीनगर स्थलमा अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्रीहरुको उत्पादन तथा मर्मत केन्द्रको स्थापना र सञ्चालन हुन नसक्नुलगायत थुप्रै चुनौतीहरु रहेको कार्यपत्रमा उल्लेख छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा कुल जनसंख्याको १६ प्रतिशत अपाङ्गता भएका व्यक्ति छन् । अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्कीय प्रतिवेदन अनुसार स्वास्थ्य क्षेत्रको नेतृत्वमा नगण्य पहुँच, शिक्षा तथा रोजगारबाट अपाङ्गता भएका व्यक्ति बञ्चित छन् ।प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको दुई दशमलव दुई प्रतिशत अर्थात् ४७ हजार सात सय ४४ जना अपाङ्गता भएका व्यक्ति छन् ।

जनगणनाको प्रतिवेदन अनुसार कुल परिवारमध्ये तीन दशमलव एक प्रतिशत

❖ बाँकी अन्तिम पृष्ठमा

हार्दिक बधाई तथा शुभकामना

यस मेची आँखा अस्पतालका मेडीकल डाईरेक्टर
डा. पुरुषोत्तम जोशी
नेपाल अप्थाल्मिक सोसाइटीको अध्यक्षमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ ।

जलकुमार गुरुङ्ग
अध्यक्ष
मेची आँखा अस्पताल संघ
एवं समस्त मेची आँखा अस्पताल परीवार

अपाङ्गता...

परिवारका मुली अपाङ्गता भएका व्यक्ति छन् । अपाङ्गता भएका व्यक्तिको साक्षरता दर भने ५० दशमलव एक प्रतिशत रहेको राष्ट्रिय जनगणनामा उल्लेख छ ।

सोही अवसरमा आयोजित चम्चा दौडमा प्रथम, दोस्रो, तेस्रो तथा सान्त्वना हुने क्रमशः खगेन्द्र राजवंशी, युवराज बस्नेत, हरिमाया कार्की, र पवित्रा तामाङलाई नगद पुरस्कार प्रदान गरियो । यसैगरी, सियो दौड प्रतियोगिताका विजेता क्रमशः रुपा किसान,आशिका पोखरेल, दुर्गा खड्का र रिम्पा राजवंशीलाई नगद पुरस्कार प्रदान गरियो । विस्कुट दौडमा सोमनाथ न्यौपाने, अम्बिका पोखरेल, सुरज तामाङ, विमला खत्री क्रमशः प्रथम, दोस्रो तेस्रो र सान्त्वना भए ।

हण्डी फुटाउने प्रतियोगितामा मञ्जिला तामाङ, विकास कार्की, मीना गिरीले नगद पुरस्कार प्राप्त गरे । सिर्जनात्मक कला प्रस्तुतीमा नीला भट्टराई मुक्तक, मीना गिरी कविता, सुरज तामाङं जीवनी,मञ्जिला तामाङं र विकास कार्कीले नृत्य प्रस्तुत गरेका थिए ।

प्रतियोगिताका विजेताहरुलाई नगर उपप्रमुख मीना पोखरेल उप्रेती, कार्यपालिका सदस्य अञ्जु थापा, राष्ट्रिय अपाङ्ग महासंघका वरिष्ठ उपाध्यक्ष राम कार्की, करुणा फाउण्डेशन नेपाल सिबिआर म्यानेजर सन्तोष सुनुवार, करुणा फाउण्डेशन नेपालका सिनियर तथ्याङ्क अधिकृत पुनम विष्ट, करुणा फाउण्डेशन नेपालका झापा जिल्ला संयोजक सञ्जय शर्मा गुरागाईँलगायतले पुरस्कार वितरण गरेका थिए । यसैगरी, सोही कार्यक्रममा मेचीनगर नगरपालिकास्तरीय प्रस्तावित ओपीडी गठन गरिएको छ । धर्मराज घिमिरेको अध्यक्षतामा २१ सदस्यीय समिति गठन भएको हो । समितिको उपाध्यक्षमा गंगा संग्रौला र राम बुढाथोकी, सचिवमा अनिश काफ्ले, सहसचिव रविन्द्रकुमार न्यौपाने, कोषाध्यक्ष निला भट्टराई छन् ।

सदस्यहरुमा युवराज बस्नेत, गोपाल तामाङ, विष्णुकुमार श्रेष्ठ, हेमलाल सापकोटा, अम्बिका पोखरेल, सृजना कट्टेल, चुडामणि दाहाल, सोमनाथ न्यौपाने, पुष्पा खड्का, सरिता तामाङ, रीता नेपाल, आश्विनीकुमार काफ्ले, कोषराज प्रसाई र दुर्गाबहादुर खड्का रहेका छन् ।

मेचीनगर नगरपालिका महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख जयन्ती खरेल र करुणा फाउण्डेशन नेपालका मेचीनगर संयोजक पदम बराइलीले संयुक्तरुपमा सञ्चालन गरेको कार्यक्रममा उपप्रमुख उप्रेती, प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, प्रशासन, येजना तथा अनुगमन शाखा प्रमुख अन्नतप्रकाश वस्ती, राष्ट्रिय अपाङ्ग महासंघका वरिष्ठ उपाध्यक्ष राम कार्कीलगायतले बोलेका थिए ।

तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पन्ध्र) १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८१/०८/२०

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **१५औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **१६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल.

क्र.सं.	ऋणी र व्यक्तिगतजमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण	कर्जा शिर्षक	धितो सुरक्षणको विवरण
१	**शाखा कार्यालयः गरामनी** **ऋणी** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, भद्रपुर न.पा उद्योग विकास शाखा भद्रपुर, झापामा मिति २०७४/०५/२८ मा प्रा.फा.नं. १४३/२२८/१३४७९ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना झापा जिल्ला विर्तामोड न.पा. वार्ड न.०३ मा अवस्थित **बादल होटल एण्ड लज** । **ऋणी/धितो जमानतकर्ताः** मधु कार्कीकी छोरी, गोपाल प्रसाद आचार्यकी पत्नी, नागरिकता वमोजिम झापा जिल्ला, जलथल गा.बि.स वडा न. ४ स्थायी ठेगाना भै हाल झापा जिल्ला, विर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने मिति २०५९/०६/०६ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०५३११४४ भएकी **विमला आचार्य** ।	**व्यवसायिक आवधिक कर्जा** **आवास कर्जा**	१) विमला आचार्यको नाममा भूमिसुधार तथा मालपोत कार्यलय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ७ स्थित कि. नं. ६९५ को क्षेत्रफल १६९.३० (व.मि) भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२	**व्यक्तिगत जमानीकर्ता :** नाम :- गोपाल प्रसाद आचार्य बाबू :- तुलसी प्रसाद आचार्य बाजे :- दल बहादुर आचार्य ना प्र न :३५४११७ (२०५०/१२/०४झापा) ठेगाना :- झापा जिल्ला, जलथल गा.बि.स वडा न. ४ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड नगरपालिका, वडा नं.३ बस्ने	**ब्यक्तिगत जमानीकर्ताः** नाम :- निरज आचार्य बाबू :- गोपाल प्रसाद आचार्य बाजे :- तुलसी प्रसाद आचार्य ना प्र नंः- ०४-०१-७३-०६६८७ (झापा) ठेगानाः-झापा जिल्ला, बिर्तामोड न.पा. वडा न. २ स्थायी ठेगाना भै हाल झापा जिल्ला, बिर्तामोड नगरपालिका, वडा नं.३	

शर्तहरुः–

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षेरपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।

२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।

३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।

४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।

७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।

९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

बिमालेख हरायो

मेचीनगर-१५ निवासी सन्देश खनालको नाममा रहेको एल.आई.सी. नेपाल कम्पनीको २०००१६४०४ नम्बरको पोलिसी पेपर मेचीनगरबाट चन्द्रगढी जाने क्रममा २०८१/०२/२५ गते हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला।

सम्पर्क : सन्देश खनाल
ठेगाना: मेचीनगर-१५, झापा

शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

सधियारका नाममा जारी १५ दिने सूचना

मिति : २०८१-०८-०४

श्री मिना मावोले निजका नाममा दर्ता कायम रहेको साविक शिवगञ्ज हाल शिवसताक्षी न.पा. वडा नं. ९ सडकमा पर्ने कि.नं. २१५५९ क्षेत्रफल ०-०-१०.५० भित्र यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन बनाउन नक्सा पास गरी पाउँ भनि निवेदन पेश गरेकोमा सधियारको नाममा यो सूचना पेश गरिएको छ । निवेदन साथ पेश हुन आएका प्रमाण र नापीको आधारमा निर्माण स्वीकृति दिँदा तपाईको जग्गा तथा सार्वजनिक स्थलको हानी नोक्सानी हुन्छ हुँदैन, सन्धी सर्पन हानी नोक्सानी हुन्छ/हुँदैन हानी नोक्कासी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्न सूचीत गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराईन्छ ।

१. पक्की २.५ तला घर/कम्पाउन्ड वाल बनिने जग्गाको विवरणः

दिशा	छोडेको आफ्नो जग्गा	सधियार	
		कि.नं.	नाम
पूर्व	-	-	बाटो
पश्चिम	-	३४	-
उत्तर	-	२०४७८	-
दक्षिण	-	२२६३५	-

घर/कम्पाउण्डको नापः लम्बाईः ...., चौडाईः ...., उचाई : .... तला संख्याः .... (नोटः निर्माणकर्तालाई सूचना टाँस भएको मितिले १६ औं दिनमा नगरपालिकामा सम्पर्क राख्नुहुन र स्वीकृत पत्र लिनुपूर्व निर्माण कार्य गरेमा प्रचलित ऐन बमोजिम कारवाही हुन व्यहोरा जानकारी गराईन्छ ।

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,बुद्धशान्ति गाउँपालिका वडा नं.-३ मा बस्ने श्री कन्तुलाल धिमालकी छोरी,श्री भुपराज धिमालकी पत्नी,श्री माया धिमालको मिति वि.सं.२०८०/०१/१० गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय बुधबारेमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरी उमाकुमारी धिमालले मिति वि.सं.२०८१/०८/१७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस)दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४ झापाको

धितोमा रहेको सम्पत्ति लिलामी सम्बन्धी सार्वजनिक सूचना

तपशिलमा उल्लेखित. ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको कर्जाको साँवा तथा सो के व्याज तथा हर्जाना नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गरेकोले कर्जा असुलीका लागि पटक-पटकको तागेता पत्र एवं राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना जारी गर्दा समेत कर्जा असुली नभएकाले धितो लिलामी सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्न आउनुहुन अनुरोध गरिन्छ । सो अवधिभित्र पनि कर्जा चुक्ता भुक्तान नगरेमा तपशिलको मिति र स्थान मा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको बचत तथा ऋण कार्यविधि २०७८ तथा प्रचलित नियम कानुन बमोजिम धितोमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति लिलाम विक्री गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा यसै सूचनामार्फत सम्बन्धित ऋणी सदस्य, जग्गाधनी, समेत सम्बन्धित अन्य सबै पक्षहरुलाई जानकारी गराइन्छ ।

प्रकाशन मिति - २०८१/०८/२०

क्र.सं.	ऋणीको नाम	ठेगाना	ना.प्र.नं.	जग्गाधनीको बिवरण	धितो रहेको जग्गाको ठेगाना	कि.नं.	क्षेत्रफल	मिति २०८१/०८/१९ सम्मको तिर्न बाँकी रकम	सेवाकेन्द्र
१	ऋणी-अम्बिका नेपाली बाबु-लक्ष्मण दर्जी बाजे- सरोजकुमार मोते	कन्काई न.पा.६, झापा	०५२००४/१६१०८	ज.ध.-रुपमाया दर्जी बाबु- बालकेशर दर्जी पती- खडग बहादुर ना.प्र. नं.- ३२३५१७४७	घैलाडुवा-४ झापा	१९८७	०-१-२.५ (३८०.९६ ब.मी)	रु.७१८३१०	सुरुङ्गा

शर्तहरु

१) यो सूचना प्रकाशन भएको ३५ दिनभित्र असुल उपर नभएमा मिति २०८१ पौष २६ गते दिनको ११ बजेदेखि ३ बजेसम्म संस्थाको केन्द्रीय कार्यालय बिर्तामोड ४ मा सरकारी प्रतिनिधिहरुको रोहबरमा लिलाम बिक्री सम्बन्धी कार्य सम्पन्न हुनेछ ।

२) लिलाममा लाग्ने सम्पूर्ण खर्च ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ र सम्पत्ति सकार गरिलिने पक्षले दा.खा. नामसारी गर्न लाग्ने शुल्कहरु ब्यहोर्नुपर्नेछ ।

३) लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्तिले आफ्नो कबुल गरेको रकमको धरौटी वापत १०% ले हुनआउने रकम नगदै सोही दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।

४) सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ बमोजिम उक्त सम्पत्ति कसैले नसकारेमा संस्था स्वयम्ले सम्पत्तिको स्वामित्व आफूमा लिनेछ ।

५) लिलामी भएको सम्पत्ति दा.खा. गरि दिने वा नदिने सम्बन्धी अन्तिम निर्णय संस्थामा निहित रहनेछ ।

६) लिलाम हुने धितोको न्यूनतम मुल्य लिलामी हुने दिन भन्दा ७ दिन पहिले सम्बन्धित सेवाकेन्द्र तथा केन्दीय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

७)थप जानकारी चाहिएमा सम्बन्धित सेवाकेन्द्र तथा केन्दीय कार्यालय कर्जा बिभागमा सम्पर्क गर्न सकिनेछ ।

Developing Trust & Sustainable It Soultion
FAST TRACK
IT SOLUTION
Branded Computers
Laptops
Smart Phones
Printers
CCTV Camera
Batteries
Accessories
Gadgets
OUR SERVICES
- Networking
- Software & Reprogramming
- Computer & laptop Accessories
- CCTV Camera & Security
- Computer & Printer Repairing

Sanischare Road Luitel Complex Birtamod, Jhapa
☎ 023-532354
ftis075@gmail.com
www.ftis.com.np

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

रगतको अभाव हुन नदिऔं

झापाका अस्पतालमा बिरामीलाई चाहिने रगतको अभाव भएको छ। आफन्तले रगतको जोहो गर्न नसक्दा कतिपय बिरामीको जीवन संकटमा परेको छ। अस्पतालहरू र रक्तसञ्चार केन्द्रमा रक्त संकलन निकै कम मात्रामा भइरहेको छ। नेपाल रक्त संकलनमा मूलतः स्वयंसेवी रक्तदातामा निर्भर छ। कतिपय सामाजिक संघसंस्थाले रक्त संकलनलाई नियमित कार्यक्रम नै बनाएका छन्। पटकपटक रक्तदान गर्नेहरूको संख्या पनि नेपालमा उल्लेख्य छ। किन्तु, समयसँगै जनसंख्या र स्वास्थ्य सेवामा भएको वृद्धिअनुसार रक्त संकलन सेवाको विस्तार र आधुनिकीकरणमा भने ध्यान पुगेन। युवा पुस्तालाई रक्तदानको महत्व बुझाउन नसकेका कारण पनि नयाँ रक्तदाताको संख्यामा पर्याप्त वृद्धि नभएको हुनुपर्छ। यस्तै, स्वास्थ्य संस्था विशेषगरी निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरूको 'द्रव्य मोह'ले पनि स्वयंसेवी रक्तदातालाई विरक्त बनाएको हुनसक्छ। रक्त संकलन आवश्यकताका अनुपातमा कम हुनुको कारण खोज्न व्यवस्थित अध्ययन हुनु जरुरी देखिन्छ। राज्य र स्वास्थ्य संस्थाहरूले 'रक्तदान जीवनदान' हो भन्ने सन्देश फैलाउन र युवा रक्तदातालाई उत्प्रेरित गर्न विशेष प्रयास गर्नु आवश्यक छ। कारण, अहिलेसम्म मानव रगतको पूर्ण विकल्प तयार गर्न वैज्ञानिकहरू सफल जो भएका छैनन्।

यो संकट समाधान गर्न स्वयंसेवी रक्तदातालाई उत्पेरित गर्ने दीर्घकालीन कार्यक्रम बनाउनु आवश्यक छ। दीर्घकालीन बहुपक्षीय योजनाबिना यो समस्या सधैंका लागि समाधान हुनसत्तै्कन। साथै, तत्कालको अभाव टार्नका लागि पनि उत्तिकै सक्रियतापूर्वक रक्तसंकलन गर्नु आवश्यक छ। प्रहरी, सेनालगायत संगठित क्षेत्रबाट रक्त संकलन गरेर पनि तत्कालको संकट कम गर्न सकिन्छ। यस्तै, स्वयंसेवी संघसंस्थालाई आग्रह गरेमा पनि केही मात्रामा रक्त संकलन हुनसक्छ। रक्तदाताको सम्मान गर्ने संस्कार समाजमा बसाउन सके रक्तदानप्रति आकर्षण पनि बढ्नेछ। नेपालमा रक्त सञ्चार सेवाको अगुवाइ गर्ने नेपाल रेडक्रसले पनि वर्तमान संकटको समाधानका लागि अग्रसरता देखाउनु उचित हुनेछ। रगतको अभावमा कसैको जीवन जानु सिंगो समाज र स्वास्थ्य सेवाका लागि चिन्ता एवं ग्लानिको विषय हो।नेपालमा हाल वार्षिक तीन लाख ५० हजारदेखि चार लाख पिन्ट (एक पिन्टमा ४७३.१७ मिलिलिटर हुन्छ) रगत आवश्यक हुने गरेको छ।

समृद्धिका लागि नागरिक शिक्षा

• **गोपीनाथ मैनाली**

मानिस आफैं अजस्र सम्भावनाको पुञ्ज हो। मानव सभ्यता यहाँसम्म आइपुग्न जेजति प्रयास भयो, त्यो सबै मानव सम्भावना उपयोगको परिणाम हो। कसैले उसलाई कुनै कुरा उपहारको रूपमा दिएको छैन र दिने पनि छैन। बरु उसबाट दिइने कुरा थुप्रै छन्। त्यसैले केही भएन भनेर भौतारिनु वा तृष्णा र जिजीविषामा पिरोलिनु आवश्यक छैन। असल सोच, असल बुझाइ र असल कर्मले नै घर, परिवार, समुदाय, मुलुक र विश्व बन्ने हो।

असल सामाजिक सोच संस्कारबाट सभ्यता र समृद्धिको आधार खडा हुन्छ। सकारात्मक सोच र सत्कर्मले समाज सुसंस्कृत हुन्छ। सकारात्मक मानिसहरू आफ्ना अवगुण देख्छन् तर अरूका अवगुण मात्र देख्दैनन्। क्षमा, विनय र शिष्टताले आफू सुध्रिन्छन् र अरूलाई सुध्रिन प्रोत्साहन गर्छन्। आफूलाई अब्बल देखाउने तर अरूमा कुनै गुण नै नदेख्ने स्वभाव नेपाली समाजमा देखिन थालेको छ। एकदिनको कुरा हो, एक जना शैक्षिक योग्यता राम्रै हासिल गरेका कर्मचारीले सरकारले आफ्नो क्षमता नचिनेको भन्दै योग्यताको स्वलापन गर्दै थिए। अर्का उच्चप्रशासक आफू मात्र निष्कलङ्क र स्वच्छ भनेर अरूको बद्ख्वाइ गर्दै थिए, मानौं शब्दकोषमा असल शब्द अरूका लागि थिएनन्। त्यही दिन एक जना राजनीतिकर्मी कर्मचारीका कारण देश बर्बाद भएको अभिव्यक्ति दिँदै थिए तर अर्का ठुला घरानाका व्यापारी सरकारको कर्मचारीतन्त्र र राजनीतिको चरित्रको कारण देशमा लगानी वातावरण नबनेको गुनासो गर्दै थिए। मत अभिमत निर्माणका लागि निष्पक्ष विचार र समाचार सम्प्रेषण गर्ने आमसञ्चारहरूले त्यही दिन मुलुकमा बेथिति बढेको धेरै खबर छाप्न चुकेनन्। सबै खाले विकृति र बेथितिका लागि पहरेदारी गर्ने नागरिक समाज भने आफ्नै आग्रहका कारण रङ, आस्था र विचारमा विभाजित भएर आफूलाई लोकतन्त्रको सच्चापात्र भन्न हौसिएका छन्। यी केही प्रतिनिधि उदाहरण हुन्, जसले असल सामाजिक संस्कृति निर्माणमा बाधा पुऱ्याइ रहेका छन्। असल सामाजिक संस्कृति निर्माण कुनै कारखानाले वस्तु उत्पादन गरे जसरी भटाभट परिणाम दिने विषय होइन। यो मूल्य संस्कृतिको निर्माण हो, जसलाई लामो समयको प्रयासपछि मात्र पाउन सकिन्छ तर स्थापित मूल्य संस्कृतिलाई भत्काउन भने थोरै समय नै काफी छ।

विगत केही वर्षदेखिको सामाजिक प्रवृत्ति विश्लेषण गर्ने हो भने हामीकहाँ केही नराम्रा संस्कृति हुर्किंदै गएका छन्, जसले असल नागरिक संस्कृति निर्माणमा बाधा पारिरहेको छ। औपचारिक कानुन र नीति संरचना नभएर होइन, त्यसलाई वरण नगरेर यसो भएको हो। जब गर्भित आसयको हाबी हुन्छ, औपचारिक कानुन र नीतिहरू निरीह बन्दछन्, बेथिति नै प्रणाली बन्छ र राज्यका संरचनाहरू झनै औपचारिक बनिदिन्छन्। जस्तो कि भ्रष्टाचार गर्न हुँदैन भन्ने राज्य इच्छा हो र यसको औपचारिक अभिव्यक्ति विभिन्न कानुन र नीतिहरूले गरेको छ। भ्रष्टाचार गर्नुहुन्न भन्ने सबैलाई थाहा छ। भ्रष्टाचारविरुद्ध लड्ने रणनीति र सुशासनका कार्ययोजना पनि छ तर सार्वजनिक शक्ति र साधन प्रयोग गर्ने पदाधिकारीहरू विषयान्तर प्रवृत्तिमा छन्। जो जसले यस्ता काम गर्छन्, आदर्शको कुरा गर्न उनीहरू नै एक कदम अघि हुन्छन्। पद जिम्मेवारी हो तर अवसर सोच्ने गरिएको छ। घरपरिवार र सामाजिक तहमा आर्थिक, सामाजिक, भावनात्मक र नैतिक बेथितिहरू विस्तार हुँदै छ। हिंसाका भावनात्मक र भौतिक अनौठा स्वरूपहरू देखिएका छन्। साथी सङ्गति तहमा गैरसाथित्वका व्यवहारहरू देखिएका छन्। एक अर्कोप्रति विश्वस्त हुने परिवेश छैन। ठगी, धोका र विश्वासघातले फराकिलो रूप धारण गर्दै छ। बाहिर नआएका र अनुभूतिजन्य थुप्रै घटना छन्, जसले परिवार र सामाजिक संरचनालाई नै विकृत बनाउँदै लगेको छ। यस्ता घटनाहरू दोहोरिइ रहेका छन्। प्रत्येक व्यक्ति प्रत्येकप्रति जवाफदेही बन्नु पर्छ भन्ने सार्वजनिक/सामाजिक जीवनको मान्यता हो। प्रत्येक प्रत्येकप्रति इमानदार बन्नु मानवीय मर्यादा हो। मानव विकास र सामाजिक सभ्यता यस्तै आदर्श मान्यताबाट निर्माण भएका हुन्। व्यवस्थित समाजमा सबै नागरिकको साझा दायित्व हुन्छ : 'आउने दिन र भोलिको पुस्ताका लागि असल प्रणाली हस्तान्तरण गरेर जाने।' यसका लागि असल सोच, असल बुझाइ, असल कार्य र असल व्यवहार चाहिन्छ। यस प्रकारको सामाजिक संस्कृति विकास गर्न कानुन, नीति, सङ्गठन जस्ता संरचनागत पक्ष मात्र सफल देखिँदैनन्, व्यवहार र सोको लागि नैतिक अभिमुखीकरण आवश्यक देखिएको छ। नागरिक शिक्षा त्यसो गर्ने अन्तिम सशक्त बाटो हो। किनकि नीतिनियम र मान्यताहरू सफल नभएपछि सामाजिक अभिमुखीकरण बिना असल काम हुन सक्तैन, नागरिक शिक्षाले नागरिक जीवनका लागि चाहिने शिक्षा, सिप र स्वभाव सिकाउँछ।

मानिस जटिल प्राणी हो। मनोविज्ञानले उसलाई तत्काल सुख, समृद्धि, शक्ति र सानसौकाततर्फ घचेटिरहेको हुवन्छ। यो घचेटाइनै अपराधको स्रोत पनि हो। उसको सचेत मनले सत्कर्म गर्न निर्दिष्ट गरे पनि सँधै सचेत मन उसभित्र शक्तिशाली हुँदैन र गर्भित तहमा रहेको 'प्लेजर इनर्सिया' को जित हुन्छ। अवसर पाउने बित्तिकै व्यक्तिको यो प्रवृत्ति देखिन्छ। अपराध, दुस्कर्म, खराब आचरण यही 'प्लेजर इनर्सिया' का परिणाम हुन्। नागरिक शिक्षाले व्यक्तिलाई तत्काल सुख, आनन्द, आवेश, अपराधको प्रवृत्तिबाट अलग्याउने आन्तरिक सामर्थ्य र स्वभाव दिन्छ। त्यसैले औपचारिक कानुन र नीति निरीह भएको समाजमा नागरिक शिक्षा असल सामाजिक व्यवहारका लागि ज्ञान, सिप र स्वभाव दिई असल सामाजिक संस्कृति संस्थागत गर्ने एक मात्र उपाय हो। मुलुकमा असल थिति बसाउन राजनीतिले नेतृत्व दिने गर्छ। राजनीति भनेको असल समाज निर्माणका लागि अहोरात्र सामाजिक परिचालन गर्ने काम हो, राजनीतिले गर्ने प्रतिस्पर्धा यसैका लागि हो। असल राजनीतिक संस्कृति नभएमा उसले गरेको कामहरू औपचारिक हुन्छन्। यस अवस्थामा लोकतन्त्र वास्तविक रूपमा जनजीवनसम्म पुग्न सक्तैन। असल राजनीतिक संस्कृतिले राजनीतिलाई स्वस्थ प्रतिस्पर्धा, अन्तरपार्टी पारस्परिक सम्बन्ध स्थापना, संयमता, लोकतान्त्रिक व्यवहार, मूल्य र विचारप्रति आस्था, जनताप्रति निष्ठा राख्न सिकाउँछ। असल राजनीतिक संस्कृतिको लहरे असर समाजका अन्य क्षेत्रमा पर्छ। भनी रहन परोइन, राजनीतिले अपेक्षित नीति नेतृत्व दिन सकेन। राजनीतिक कार्यकर्ताहरू अरूको मात्र गल्ती देख्छन् र दुर्वाच्यको फोहोरा वर्षाउँछन्। एक नेताले वाणीबाट अर्कोलाई हिंसा गरिरहेको हुन्छ। सर्वाधिक जीवन यातनागृहमा बिताएका नेल्सन मण्डेला भन्ने गर्थे, सबै मानिसमा सुभावना हुन्छन्, उसले गलत गर्दैमा कटु प्रतिक्रिया दिनु पर्दैन, उसमा चेतना आउने बित्तिकै ऊ घाम जत्तिकै उज्यालो हुन्छ। अधिकांश समय यातना गृह र निर्वासन बिताएका बिपी कोइरालाले भन्थे, अरूलाई दुर्वाच्य प्रयोग गर्दा उसमा क्रोध बढ्न गइ झनै द्वन्द्वको वातावरण बन्छ। महात्मा गान्धीको संयम, शील र विनयको जति पारख गरे पनि पुग्दैन। इतिहासले उनीहरूलाई राजनैतिक आइकन बनाएको छ। तर चेतना, दर्शन र नीति संरचनाको अकल्पनीय विस्तार भइसक्दा पनि मण्डेला, बिपी र गान्धीको आदर्श अन्यत्र त के उनीहरूकै मुलुकमा राजनीतिक मानक बनेन।

राजनीतिले नीति, संस्कार र समृद्धिको नेतृत्व दिन सकेन। शक्ति र अधिकार जिम्मेवारी नभई सीमित स्वार्थमा केन्द्रित हुँदै गयो। समृद्धिको सपना धकेलिँदै गएको नेपालमा विकासका लागि राजनीति -विकासमा राजनीति होइन) संस्कार बसेको देख्ने नेपालीको साझा चाहना हो। राजनीतिले असल समाज निर्माणका लागि विवेक र कठोरपूर्ण कदम चाल्न सक्नु पर्छ। किनकी राजनीति अवसर होइन, जिम्मेवारी हो। नैतिक नेतृत्वले मात्र त्यसो गर्न सक्छ। पथभ्रान्त राजनीतिलाई ठिक ठाउन नागरिक शिक्षाले नरम रणनीतिको काम गर्छ।

सार्वजनिक जिम्मेवारी बहन गर्नेहरू 'सार्वजनिक' हुनु पर्छ। सोच सार्वजनिक, स्वार्थ सार्वजनिक र व्यवहार पनि सार्वजनिक हुनु पर्छ। यी आग्रह पूरा गर्न नीति, नियम, सङ्गठन, कार्यजिम्मेवारी जस्ता संरचनागत पक्ष मात्र पर्याप्त छैनन्। यसका लागि सकारात्मक सोच वा 'गर्न सकिन्छ र गर्नु पर्छ' भावना प्रत्येकको मनबाट उमारिकन उसको व्यहार क्रियाशील हुँदैन। समाजको पुनर्निर्माणका लागि अहिले चाहिएको सबैभन्दा ठुलो कुरा भनेको सकारात्मक सोच हो। गर्न सकिन्छ, यसरी सकिन्छ, नसकी हुँदैन र गर्नै पर्छ भन्ने अन्तरभावना र सामर्थ्यको ऊर्जा नै सकारात्मकता हो। सकारात्मक भावना विकासका लागि नागरिक शिक्षा अत्यन्तै आवश्यक छ।

बहुआयामिक उपलब्धिपूर्ण भ्रमण

• **दीपक ज्ञवाली**

यतिबेला चीनको राजधानी बेइजिङको मौसम शीतल र सफा छ। नेपालको राजधानी काठमाडौँ जस्तै जस्तै। यही मौसममा चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री केपी शर्मा ओली चीनको चार दिवसीय औपचारिक भ्रमणमा व्यस्त हुनुहुन्छ। उहाँ नेतृत्वको प्रतिनिधिमण्डल चीनका अनेक बहुआयामिक कार्यक्रमहरूमा उच्च प्राथमिकताका साथ सहभागी छ। यो भ्रमणका क्रममा अनेक ऐतिहासिक सहयोग, सहकार्य, सम्बन्ध विस्तार र दीर्घकालीन महत्वका विकास आयोजनाहरूमा छलफल, अन्तर्क्रिया, समझदारी र सम्झौता भइरहेका छन्। जुन नेपाल र चीनबिच मात्र होइन विश्व मञ्चका लागि समेत अर्थपूर्ण भइरहेका छन्, हुँदै छन्।

भ्रमणका क्रममा नेपाल र चीनका प्रधानमन्त्रीको उपस्थितिमा व्यापार प्रवर्धन, प्राविधिक सहयोग आदानप्रदानलगायत विभिन्न आठ विषयमा सहयोग र सहकार्यसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भइसकेको छ। प्रधानमन्त्री ओली र चीनका प्रधानमन्त्री लीबिच ग्रेट हल अफ पिपलमा दुईपक्षीय भेटवार्तापछि आपसी सहकार्यसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको हो। सबैभन्दा चासोको विषय त विगतमा चीन र नेपालबिच भएका सहमति र सम्झौता कार्यान्वयनमा दृढ सङ्कल्प तथा अरू बहुआयामिक सहमति र सम्झौताबारे यो भ्रमण खास ऐतिहासिक हुने छ।

प्रधानमन्त्री ओली सोमबार बेइजिङ प्रस्थान गरेपछि अरू धेरै अर्थपूर्ण अध्याय सुरु भए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा प्रधानमन्त्री ओलीलाई उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंह र गृहमन्त्री रमेश लेखकले बिदाइ गर्नुभयो। यसअघि विदेश भ्रमण टोलीलाई बिदाइ गर्नेहरूको लामालस्कर हुन्थ्यो तर यस पटक तडकभडक थिएन। कारण थियो, मन्त्रीपरिषद्को पछिल्लो निर्णय। प्रम नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई सोमबारै बेइजिङ क्यापिटल अन्तर्राष्ट्रिय विमानस्थलमा चिनियाँ कम्युनिष्ट पार्टीका वैदेशिक मामिला उपमन्त्री सुन बेइदोङले स्वागत गर्नुभयो। चिनियाँ स्वागतपछि नेपाली टोली अहिले बहुआयामिक सरोकारका कार्यक्रममा सक्रिय छ।

प्रधानमन्त्रीको चीन भ्रमणमा अनेक ऐतिहासिक आयामहरू दर्ज हुने छन्। जस्तो कि बेइजिङमा चीनका राष्ट्रपति सी चिनफिङ, चिनियाँ समकक्षी ली, चीनको राष्ट्रिय जनकंग्रेस स्थायी समिति अध्यक्ष झाओ लेजीलगायतसँग भेटवार्ता। अरू कार्यक्रमहरू पनि अर्थपूर्ण हुने छन्। जस्तै पेकिङ विश्वविद्यालय, बेइजिङस्थित नेपाली दूतावास, चाइना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधनलगायत छन्। प्रधानमन्त्रीको चीन भ्रमणअघि बसेको मन्त्रीपरिषद् बैठकले चीन भ्रमणको सफलताको शुभकामनासँगै चीनले बनाउने दुई करोड डलर -करिब दुई अर्ब ७० करोड रुपियाँ) बराबरका अनुदानका आयोजना स्वीकार गर्ने निर्णय गरेको थियो। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङका अनुसार प्रधानमन्त्रीको चीन भ्रमणमा टोखा-खहरे सुरुङमार्ग निर्माण, मुस्ताङको कोरला नाकामा आर्थिक क्षेत्र निर्माण, सङ्खुवासभाको किमाथान्का सडक निर्माण, रसुवागढीमा रेलमार्गको सम्भाव्यता अध्ययन, काठमाडौँको रिङरोडको दोस्रो चरण विस्तार, चितवन क्यान्सर अस्पतालमा बोनम्यारो सेवालगायतका आयोजनामा ऐतिहासिक उपलब्धि हुने छन्।

यस पटकको चीन भ्रमणले केही मुद्दामा फड्को मार्दै छ। जस्तो कि चीनसँग जोडिएको मुद्दामा स्वदेश एकमत। अर्थात् चीनसँग नेपालको विकास साझेदारी नयाँ उचाइमा पुऱ्याउने र बाह्य सम्बन्धमा सिङ्गै राष्ट्रको एकीकृत धारणा निर्माण गर्ने महत्वपूर्ण प्रस्थानविन्दु बनेको छ। प्रधानमन्त्री ओलीको भ्रमणका क्रममा धेरैले चासो दिएका अनेक विषयमध्ये एक प्रमुख हो, बेल्ट एन्ड रोड इनिसिएटिभ -बिआरआई)। जुन परियोजनाअन्तर्गत चीनले धेरै देशमा पूर्वाधार परियोजनामा व्यापक लगानी विस्तार गरेको छ। यसबारे नेपालमा पनि अनेक अनेक टिप्पणी थिए। तर यसको मूलमर्मबारे नेपालको शिर्ष तहमा एक मत हुनु अर्को ऐतिहासिक कदम भयो। यसमा वर्तमान सत्ता साझेदार दलका शीर्ष नेता वर्तमान प्रधानमन्त्री ओली र पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाबिचको उच्च समझदारी अर्को ऐतिहासिक कदम भयो।

बिआरआई सम्बन्धमा आन्तरिक सहमतिबारे एमाले महासचिव शङ्कर पोखरेल, पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, प्रधानमन्त्री ओलीका अघिल्लो कार्यकालका परराष्ट्र सल्लाहकार राजन भट्टराईलगायतका सार्वजनिक सन्देशहरू अर्थपूर्ण छन्। भ्रमणअघि प्रधानमन्त्री ओलीले सरोकारवाला सबैसँग गर्नुभएको परामर्श पनि अर्थपूर्ण छ। यसबारे नेपालले कार्यदल नै गठन गरेर परिपक्व काम गरेको थियो। प्रधानमन्त्रीको चीन भ्रमणबारे कतिपयले आशङ्का गरे जस्तो अवस्था छैन। परराष्ट्रमन्त्री आरजु राणा देउवाद्वारा चीनको पूर्वभ्रमण र उहाँ नेपाल फर्किएर फेरि चीन भ्रमणमा जानुभएको सन्देश काफी छ।

प्रधानमन्त्री ओलीको चीन भ्रमण सुरु हुनुअघि नेकपा (एमाले)को उच्चस्तरीय प्रतिनिधि मण्डलले १० दिनसम्म चीन भ्रमण गरेको थियो। त्यस क्रममा प्रधानमन्त्री ओलीको चीन भ्रमणबारे सर्वाधिक चर्चा र चासो व्यक्त भएको थियो। एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल नेतृत्वको १५ सदस्यीय उच्चस्तरीय टोलीमा यो पङ्क्तिकार पनि सहभागी थियो। प्रम ओलीको भ्रमणबारे त्यहाँको पूर्ववातावरण उत्साहपूर्ण थियो।

टोली विश्वको उदीयमान र अति प्रभावशाली मञ्च दोस्रो ग्लोबल साउथ थिङ्क ट्याङ्क फोरमदेखि राजनीतिक र रणनीतिक महत्वमा अनेकौँ औपचारिक तथा अनौपचारिक कार्यक्रममा सहभागी भएको थियो। भ्रमणका क्रममा नेपाल चीन सम्बन्ध थप सुदृढदेखि विश्व मञ्चमा नेपालको प्रभावशाली भूमिकासम्मका अति महत्वपूर्ण भेटवार्तासमेत भएका थिए। गज्जब पक्ष, ती सबै कार्यक्रममा प्रधानमन्त्री ओलीको चीन भ्रमणबारे अति चर्चा, अति आशा, स्वागतको तयारी र सम्भावित सकारात्मक परिणामबारे सर्वाधिक चर्चा र चासो प्रस्ट देखिएको थियो।

भ्रमण टोलीले चीनका ऐतिहासिक र विकसित प्रान्त, नगर, गाउँदेखि वैभवशाली बेइजिङसम्मको भ्रमण गरेको थियो। जस्तो कि चिनियाँ औद्योगिक क्रान्तिको सुरुवात गर्ने पहिलो ठुलो स्टिल उद्योग, नयाँ प्रविधिको इलेक्ट्रोनिक कार कम्पनी, परम्परागत र आदिवासीहरूको परम्परागत गाउँहरूसम्मका अवलोकनहरूमा प्रधानमन्त्री ओलीको भ्रमण, चीनको विकास अनुभवबाट नेपालले लिन सक्ने अभ्यास, नेपालको हितमा चीनको सहयोग र दुई देशबिच सहकार्य र सहयोगबारे प्रशस्त छलफल, चर्चा र अन्तर्क्रिया भएका थिए। नेपाली प्रतिनिधिमण्डलले विश्वका विकासोन्मुख र अति विकसित मुलुकहरूको साझा चौतारी ग्लोबल साउथ थिङ्क ट्याङ्कहरूको दोस्रो डायलग पनि सहभागी भएको थियो। चीनको ज्याङ्सु प्रान्तको नानजिङमा विश्वका दुई सयभन्दा धेरै देशका बौद्धिक संस्थाका उच्चस्तरीय प्रतिनिधिहरू सहभागी उक्त अन्तर्राष्ट्रिय मञ्चको समापन सत्रलाई सम्बोधन गर्दै नेता पोखरेलले दुई देशबिचको ऐतिहासिक, भौगोलिक तथा वैचारिक निकटता रहेको र प्रधानमन्त्री ओलीको चीन भ्रमणबाट दुई देशको सम्बन्ध थप सुदृढ गर्न कोसेढुङ्गा साबित हुने बताउनु भएको थियो। अर्को गतिलो संयोग, उक्त मञ्चमा विश्वका अति कम महिला नेतामध्ये नेपालको राष्ट्रिय सभाका उपाध्यक्ष विमला घिमिरेले पनि सम्बोधन गर्नुभएको थियो। त्यहाँ पनि प्रधानमन्त्री ओली भ्रमणको प्रसङ्ग थियो।

हरेक औपचारिक र अनौपचारिक कार्यक्रमहरूमा चिनियाँ नेता, अधिकारी र जनताले ओलीको भ्रमणलाई उच्च महत्वका साथ चर्चा गरेका थिए। चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख मन्त्री लिउ चियनचाओले नेपालका प्रधानमन्त्री ओलीको चीन भ्रमणबाट चिनियाँ जनताले ठुलो अपेक्षा गरेको बताउँदै दुई देश र पार्टीबिचको सम्बन्धलाई अझ अगाडि बढाउनेबारे छलफल हुने अपेक्षा गर्नुभएको थियो। त्यस्तै उपप्रमुख सन चाईले दुई देश एकअर्काका अनुभवबाट सिक्दै, सहयोग गर्दै अघि बढ्ने बताउनुभयो। विभागका महानिर्देशक फङ स्युपिनले प्रधानमन्त्री ओलीको भ्रमणअघि आएको नेपाली टोलीका कारण भ्रमणलाई सफल पार्न र तयारीबारे छलफल गर्न सहज भएको बताउनुभएको थियो। पूर्वभ्रमणका क्रममा नेपाली टोली चीनको नानचिङ नगर नेतृत्व, हुवई प्रदेशका गभर्नर, हुवई विश्वविद्यालय, पार्टी स्कुल विभागलगायतका औपचारिक कार्यक्रममा सहभागी भएको थियो। प्रधानमन्त्री ओली चीनको भ्रमण पूरा गरी मङ्सिर २० गते स्वदेश फर्किनु हुने छ। उहाँ नेतृत्वको टोली स्वदेश फर्कंदा अनेक अनेक दीर्घकालीन सन्देशहरू पनि फैलिने बहुआयामिक अपेक्षा छ। खासमा यो भ्रमणबाट नेपाल र चीनको सम्बन्ध थप सुदृढ बन्ने छ। नेपालको विकासमा असाधारण सहयोग, सहकार्य र सद्भाव कायम हुने छ। जसबाट नेपालले पनि चीन वा विश्व मञ्चका अरू देशका लागि समेत समृद्धि, सहकार्य र सद्भावका लागि थप प्रभावकारी भूमिका खेल्न सक्ने छ। यस भ्रमणबाट अनेक ऐतिहासिक र बहुआयामिक अपेक्षा छ।

Pratidin National Daily
प्रतिदिन PRATIDIN NATIONAL DAILY
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

सुपर काबेली 'ए' जलविद्युत् आयोजनाको उत्पादन सुरु

झापा(प्रस) ।स्नो रिभर्स लिमिटेडले निर्माण गरेको १३ दशमलव पाँच मेगावाट क्षमताको सुपर काबेली 'ए' जलविद्युत् आयोजना औपचारिक रूपमा विद्युत् उत्पादन सुरु भएको छ ।

सिरिजङ्घा गाउँपालिका-८ याम्फुदिनस्थित आयोजनाको उत्पादन पाँचथरको हिलिहाङ गाउँपालिकामा रहेको नेपाल विद्युत् प्राधिकरणको एक सय ३२ केभिए क्षमताको अमरपुर सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो ।

आयोजनाको उत्पादन परीक्षण एक सातासम्म सञ्चालन गरी सफल भएपछि विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको आयोजनाका जनसम्पर्क अधिकृत मेघनाथ ढुङ्गानाले जानकारी दिए । याम्फुदिनस्थित विद्युत् गृहबाट ३१ किलोमिटर दूरीमा रहेको अमरपुर सबस्टेसनसम्मको विद्युत् प्रसारण प्रणाली निर्माण सम्पन्न गरिएको छ ।

वि.सं. २०७९ मंसिर अन्तिम सातादेखि सुरु भएको आयोजनाको निर्माण रु दुई अर्ब ६३ करोड २९ लाख लागतमा छोटो अवधिमै सम्पन्न भएको हो । सुपर काबेली 'ए' आयोजनाको निर्माण सम्पन्न भएसँगै ताप्लेजुङमा उत्पादन भइरहेको जलविद्युत् आयोजनाको संख्या आठ पुगेको छ ।

ताप्लेजुङमा हालसम्मका सबैभन्दा ठुला आयोजनामध्ये ७३ मेगावाट क्षमताको मध्य तमोर जलविद्युत् आयोजना प्रमुख हो । त्यसलाई सानिमा हाइड्रो कम्पनीले निर्माण गरेको हो । त्यस्तै, अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनीद्वारा सञ्चालित २५ मेगावाट क्षमताको काबेली 'बी-१' र १० मेगावाट क्षमताको काबेली 'बी-१' क्यासकेट आयोजना पनि यस क्षेत्रका महत्वपूर्ण आयोजना हुन् । इँवाखोला जलविद्युत् आयोजनामा नौ दशमलव नौ मेगावाट र माथिल्लो इँवाखोला आयोजनामा नौ दशमलव सात मेगावाट क्षमताको विद्युत् उत्पादन भइरहेको छ । यी आयोजना ताप्लेजुङ र पाँचथरको सिमानामा बग्ने इन्द्रावती खोलाबाट सञ्चालित छन् । पाथीभरा याङ्वरक गाउँपालिकास्थित फावाखोलामा युनिटेक हाइड्रोपावर कम्पनीद्वारा सञ्चालित पाँच दशमलव आठ मेगावाट र सिवानी हाइड्रोपावर कम्पनीद्वारा सञ्चालित पाँच मेगावाट क्षमताका आयोजनाबाट विद्युत् उत्पादन हुँदै आएको छ ।

ताप्लेजुङमा हाल डेढ दर्जनभन्दा बढी जलविद्युत् आयोजना निर्माणाधीन छन् । यी आयोजना सम्पन्न भएपछि जिल्लामा विद्युत् उत्पादन थप विस्तार हुने अपेक्षा गरिएको छ ।

लुम्बिनीमाथि विराटनगरको रोमाञ्चक जित

झापा(प्रस) । विराटनगर किंग्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा पहिलो विजय हात पारेको छ । विराटनगरले बुधबार रोमाञ्चक खेलमा लुम्बिनी लायन्सलाई २ विकेटले पराजित गर्‍यो । पहिलो दुई खेल हारेको विराटनगरले तेस्रो खेलमा आएर पहिलो जित निकालेको हो ।

टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले बुधबार त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय ९१ रन बनाएको थियो । लोकेश बमले ४७ बलमा ७१ रन बनाएपछि विराटनगरले १ बल अगाडि लक्ष्य पूरा गर्‍यो ।

लुम्बिनीले जारी प्रतियोगितामा सर्वाधिक स्कोर बनाएको थियो । विराटनगरले १९.५ ओभरमा १ सय ९३ रन बनाएको हो ।

विराटनगरलाई अन्तिम ओभरमा जितका लागि १६ रनको आवश्यकता थियो । विवेक यादवले पहिलो दुई बल वाइड फाल्न पुगेका थिए । तेस्रो बलमा उनले विराटनगरका कप्तान सन्दीप लामिछानेलाई आउट गरे । त्यसपछि आएका क्रिस सोलले पहिलो बलमा कुनै रन प्रहार गर्न सकेनन् । तर आफूले सामना गरेको दोस्रो बलमा छक्का प्रहार गरेका उनले अर्को दुई लगातार बलमा चौका प्रहार गरी विराटनगरलाई विजय दिलाए । सोलले ३ बलमा अविजित १६ रन बनाए । विवेक निकै खर्चालु भए । उनले ३.५ ओभरमा ६४ रन खर्चन पुगे ।

प्लेयर अफ द म्याच लोकेशले ३ चौका र ६ छक्का प्रहार गरे । रामोन सिमोन्ड्सले पहिलो ओभरमै इस्मातुल्लाह आलमलाई आउट गरी लुम्बिनीलाई राम्रो सुरुवात दिलाएका थिए । अर्का ओपनर मार्टिन गप्टिलले १७ बल खेली ६ चौकासहित २८ रन बनाए ।

राजेश पुलामी ४ रन र निकोलस कृतन पहिलो बलमै आउट भए पनि लोकेशले बसिर अहमदसँग पाँचौं विकेटमा ४० बलमा ७७ रन जोडेका थिए । बसिरले २३ बल खेलि ४ चौकासहित ४० रन बनाए । प्रतिस जिसी ३ बलमा ६ रनमा आउट भए पनि दीपक बोहराले ८ बलमा अविजित ९ रन बनाए ।लुम्बिनीबाट दुर्गेश गुप्ताले ३ विकेट लिए । उनले ४ ओभरमा २१ रनमात्र खर्चेका थिए । सिमोन्ड्सले ४ ओभरमा ३३ र साद बिन जाफरले ४ ओभरमा ३५ रन खर्चेर २-२ विकेट लिए ।

यस्तै पहिलो इनिङ्समा कप्तान रोहित पौडेलले सर्वाधिक ४६ रन बनाएका थिए । उनले २९ बल खेली ४ चौका र २ छक्का प्रहार गरे । ओपनरद्वय आशुतोष घिरोहिया १३ बलमा २ चौका र १ छक्का प्रहार गरि १५ रन बनाई रन आउट भए भने १९ बलमा ३ चौकासहित १७ रन बनाएका अर्जुन साउदलाई आलमले बोल्ड गरे ।

रोहितले टम मुर्ससँग तेस्रो विकेटमा ३३ बलमा ६७ रनको साझेदारी गरे । अनिल खरेलको बलमा लगातार तीन छक्का प्रहार गरेका मुर्स १७ बलमा ३० रन बनाई रनआउट भए । लुम्बिनीका चार ब्याटर रन आउट भएका थिए । त्यसमा सन्दीप जोरा १२ र बेन कटिङ ६ रनमा थिए ।

जाफरले १३ बलमा १ छक्कासहित १५ रन बनाए । अन्तिम ओभरको पहिलो दुई बलमा बसिरलाई लगातार छक्का प्रहार गरेका विवेकले ७ बलमा कुल ३ छक्कासहित १९ रन बनाई अविजित रहे । सिमोन्ड्स २ रनमा अविजित रहे । विराटनगरबाट आलम, पुलामी र सन्दीपले १-१ विकेट लिए ।

बोर्डले सार्वजनिक गर्‍यो चलचित्र भवनको सूची

झापा(प्रस) । चलचित्र विकास बोर्डले देशभर सञ्चालित चलचित्र भवनको सूची सार्वजनिक गरेको छ। बोर्डले एक सूचना जारी गर्दै नेपालभर एक सय ६६ चलचित्र भवन रहेको तथ्याङ्क सार्वजनिक गरेको हो।

उक्त सूचीअनुसार बागमती प्रदेशमा ६७, कोशी प्रदेशमा ३१, मधेस प्रदेशमा २६, गण्डकीमा १४, लुम्बिनीमा २४, कर्णालीमा तीन र सुदूरपश्चिममा एउटा चलचित्र भवन सञ्चालनमा छन्। बोर्डले चलचित्र भवन र सिट संख्या समेत उल्लेख गरेको छ। बोर्डले आगामी दिनमा सञ्चालनमा रहेका चलचित्र भवनको संख्या थपघट हुनसक्ने समेत जनाएको छ।

चलचित्र विकास बोर्ड
FILM DEVELOPMENT BOARD

सार्वजनिक चलचित्र भवन बोर्डमा नवीकरण भइसकेको उल्लेख गर्दै ती भवनमा मात्रै प्रदर्शनका लागि चलचित्र उपलब्ध गराउन र वितरकलाई वितरण गर्न आग्रह समेत गरेको छ।

पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई राष्ट्रिय परिचयपत्रसँग जोडिने

झापा(प्रस) । वैदेशिक रोजगार विभागले पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई राष्ट्रिय परिचयपत्रसँग जोड्ने भएको छ । त्यसका लागि विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबिच सम्झौता भएको छ । सम्झौता भएसँगै दुवै विभागका प्राविधिकहरूले अनलाइनसम्बन्धी काम गर्दै आएका छन् ।

विभागले अनिवार्य गर्न लागेको आईरिस सिस्टमलाई राष्ट्रिय परिचयपत्रको सिस्टमसँग जोड्न लागेको हो । विभागका सूचना अधिकारी गुरूदत्त सुवेदीले आईरिसलाई राष्ट्रिय परिचयपत्रसँग जोड्न प्राविधिक काम भइरहेको बताए ।

कक्षा कोठामा उपस्थित नै नभई तालिम लिएको भनेर प्रमाणपत्र लिने गरेको पाइएपछि आईरिस लागू गर्ने निर्णय गरेको थियो । आईरिसलाई समेत व्यवस्थित गर्नका लागि राष्ट्रिय परिचयपत्रसँग जोड्न लागिएको भनाइ छ ।

'राष्ट्रिय परिचयपत्रसँग जोडिएपछि तालिम लिएका व्यक्तिको रेकर्ड त्यहाँ जान्छ । त्यसपछि विदेश जाने व्यक्तिले नै तालिम लिए/नलिएको अटोमेटिक थाहा हुन्छ । यसबाट तालिम नै नलिएर विदेश जान खोजेको रोकिनेछ,' सुवेदीले भने ।

विभागले गत असोजदेखि नै आईरिस सिस्टम लगाउने निर्णय गरेको थियो । तालिम प्रदायक संस्थाहरूको अनुरोधमा रोकेर असोजको २९ गतेदेखि अनिवार्य लागू गर्ने भनेको थियो । तर, अहिलेसम्म अनिवार्य रूपमा लागू गर्न सकेको छैन । हाल आईरिस र बायोमेट्रिक दुवै सञ्चालनमा रहेको सूचना अधिकारी सुवेदीले बताए ।

व्यवसायीहरूले भने विभागमाथि चलखेलको आरोप लगाएका छन् । विभागका कर्मचारीहरू आर्थिक चलखेलमा लागेकाले अहिलेसम्म अनिवार्य गर्न नसकेको उनीहरूको आरोप छ । विभागले भने उनीहरूले लगाएको आरोपको खण्डन गर्दै आएको छ ।

सूचना अधिकारी सुवेदीले राष्ट्रिय परिचयपत्रसँग जोड्नका लागि काम भइरहेको केही दिनभित्रबाट अनिवार्य रूपमा लागू गरिने बताए । त्यसका लागि तयारी अन्तिम चरणमा पुगेको बताए ।

बढे हवाई पर्यटक

झापा(प्रस) । सन् २०२४ को ११ महिनामा हवाई मार्गबाट १० लाख ५५ हजारभन्दा बढी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार यस वर्षको जनवरीदेखि नोभेम्बरसम्म १० लाख ५५ हजार ५३३ विदेशी पर्यटक नेपाल भित्रिएका हुन् । यस वर्ष सन् २०२३ को तुलनामा १५ प्रतिशत पर्यटक बढेका छन् । गत वर्षको ११ महिनामा नौ लाख १८ हजार ३०८ पर्यटक भित्रिएका थिए ।

बोर्डका निर्देशक मणिराज लामिछानेले भने, "यस वर्षको नोभेम्बरमा एक लाख १४ हजार ५०१ पर्यटक नेपाल आएका छन् । जुन अघिल्लो वर्षको तुलनामा ५.४० प्रतिशत बढी हो । गत वर्षको नोभेम्बरमा एक लाख आठ हजार ६३० पर्यटक भित्रिएका थिए ।"

सन् २०१९ को नोभेम्बरमा एक लाख ३० हजार ३०३ पर्यटकले नेपाल भ्रमण गरेको बताउँदै उनले भारतीय पर्यटकको आगमन दर बढाउन बोर्डको बजेट पारित हुनेबित्तिकै भारतमा आक्रामक रुपमा पर्यटन प्रवर्धन गर्न लागेको जानकारी दिए । पर्यटन बोर्ड लामो समय नेतृत्वविहीन रहँदा अन्तर र्‌ाष्ट्रिय प्रवर्धन हुन नसकेको तथा सवारी एवं विमान दुर्घटना र प्राकृतिक विपत्तिलगायत कारणले पछिल्लो समय भारतीय पर्यटक आगमन सन्तोषजनक नरहेको उनले बताए । एसियाली मुलक श्रीलङ्का, मालदिभ्स, थाइल्यान्ड, मलेसियालगायतका मुलुकमा पर्यटक लक्षित प्याकेज सस्तो रहेको र नेपालमा बढ्दै गएको हवाई भाडाका कारणले समेत नेपाल भित्रिने पर्यटक आगमन दरमा असर पुगेको उनको भनाइ छ ।बोर्डका अनुसार यो वर्षको नोभेम्बरमा भारतबाट १९ हजार ९१५, अमेरिकाबाट १० हजार ९८१, चीनबाट नौ हजार ४५८, बेलायतबाट छ हजार ५११, बङ्गलादेशबाट पाँच हजार १४८, अस्ट्रेलियाबाट चार हजार ८२९, थाइल्यान्डबाट चार हजार २६२, श्रीलङ्काबाट चार हजार ३९५, जर्मनीबाट तीन हजार ९२६ र फ्रान्सबाट तीन हजार ८४१ पर्यटक नेपाल भित्रिएका छन् ।

बोर्डका अनुसार यो वर्षको जनवरीमा ७९ हजार १००, फेब्रुअरीमा ९७ हजार ४२६, मार्चमा एक लाख २८ हजार १६७, अप्रिलमा एक लाख ११ हजार ३७६, मेमा ९० हजार २११, जुनमा ७६ हजार ७३६, जुलाईमा ६४ हजार ५९९, अगस्टमा ७२ हजार ७१९, सेप्टेम्बरमा ९६ हजार ३०५, अक्टोबरमा एक लाख २४ हजार ३९३ र नोभेम्बरमा एक लाख १४ हजार ५०१ पर्यटक नेपाल भित्रिएका हुन् । पर्यटक भित्रिने मुख्य सिजनमै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घण्टा बन्द भएपछि यो वर्ष सरकारले लिएको १६ लाख पर्यटक भित्र्याउने लक्ष्य भेट्न मुश्किल हुने देखिएको छ ।

क्षमताभन्दा धेरै विद्यार्थी बोक्ने विद्यालय बसलाई कार्वाही

झापा(प्रस) । पछिल्लो समय इटहरी क्षेत्रमा सवारी दुर्घटनाहरु बढिरहेकोतर्फ मध्यनजर गर्दै इटहरी उपमहानगरपालिकाले ट्राफिक प्रहरीसँग समन्वय गरेर सवारी दुर्घटना

नियन्त्रणका लागि अभियान सुरु गरेको छ । उपमहानगरपालिकाको समन्वयमा ट्राफिक प्रहरी, नेपाल प्रहरी र नगर प्रहरीसहितको सहभागितामा सवारीसाधन दुर्घटना न्यूनीकरणका लागि सामुदायिक तथा निजी विद्यालयका सवारीसाधनहरुको स्थलगत अनुगमन थालेको हो ।

यही क्रममा इटहरी उपमहानगरपालिकाका नगरप्रमुख हेमकर्ण पौडेल नेतृत्वको टोलीले इटहरी क्षेत्रमा चल्ने विद्यालयहरुका सवारीहरुको अवस्था, चालकको सवारी चालक अनुमतिपत्रलगायतका विषय केन्द्रित अनुगमन गरेको छ ।

अनुगमनको क्रममा नियमविपरित सञ्चालन गरेको र क्षमताभन्दा अधिक विद्यार्थी बोकेका एक दर्जन सवारीसाधनलाई ट्राफिक प्रहरी नियन्त्रणमा लिएर कारबाही गरेको थियो । विगत नौ वर्षदेखि नविकरण नगरेको चालकको सिट बेल्ट बिग्रिएको सिटको क्षमताभन्दा बढी विद्यार्थी बोकेको र कागजपत्र नबोकेकोलाई नियन्त्रणमा लिइ नवीकरण गराई जरिवाना लिएर छोडेको ट्राफिक प्रहरीले जानकारी दिएको छ । विद्यालयका सवारीहरुको अनुगमन गर्ने क्रममा केही सवारीहरुको नवीकरण समेत फेल भएको, केहीको चालकहरुको चालक अनुमतिपत्र नभएको कतिपयको नवीकरण नभएको र सिटको क्षमताभन्दा बढी विद्यार्थीहरु बोकेको पाइएको उपमहानगरपालिका प्रमुख हेमकर्ण पौडेलले जानकारी दिए ।

उनले विद्यार्थी बोक्ने सवारीहरुले कोचाकोच विद्यार्थी बोक्ने, सवारी जिर्ण भइसकेको अवस्था पनि सञ्चालन गराइरहेकातर्फ मध्यनजर गर्दै दुर्घटना नियन्त्रणका लागि यस प्रकारको अभियान थालिएको जानकारी दिए । सवारी दुर्घटना न्यूनीकरणका लागि कठाई गर्नुपर्ने अवस्था रहेका कारण पनि उपमहानगरपालिकाले जनचेतना र सवारी सञ्चालन गर्ने विद्यालयहरुलाई सजगताका लागि पनि सवारी अनुगमन गरिएको उपमहानगरपालिका प्रवक्ता दिवस पोखेलको भनाइ छ । उनले सवारी दुर्घटना नहोस् भन्नका लागि उपमहानगरपालिकाले अभियान थालेको जानकारी दिए ।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष आज शुभकार्यको चर्चा चल्नेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।

वृष वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

मिथुन आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

कर्कट धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

सिंह आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

कन्या शुभ कार्यमा सरिक भइनेछ । आँटेको र ताकेको कार्य पनि पुरा होला ।

तुला आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

वृश्चिक पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

धनु आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

मकर आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

कुम्भ मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

मिन कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।